# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८२/८३




नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राष्ट्रिय तथ्याङ्क कार्यालय

**तथ्याङ्क समन्वय कार्यालय, गोरखा**

**(गोरखा,लमजुङ,मनाङ)**

# बार्षिक प्रतिवेदन
# आर्थिक वर्ष २०८२/८३

नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

## राष्ट्रिय तथ्याङ्क कार्यालय

## तथ्याङ्क समन्वय कार्यालय, गोरखा

(गोरखा,लमजुङ,मनाङ)

प्रकाशक

तथ्याङ्क समन्वय कार्यालय,गोरखा

फोन. नं ०६४-५२०१९८

इमेल : scogorkha@nsonepal.gov.np

# हाम्रो भनाई



कुनै पनि मुलुकको समग्र विकासको अवस्था पहिचान गर्न, विद्यमान समस्या तथा सम्भावनाको विश्लेषण गर्न र भावी विकासको दिशा तय गर्न तथ्याङ्कको महत्वपूर्ण भूमिका रहन्छ। "उन्नत तथ्याङ्क, उन्नत जीवन" भन्ने मुल नारा अनुरुप राष्ट्रिय तथ्याङ्क प्रणालिलाई आत्मसात् गर्दै तथ्याङ्क समन्वय कार्यालय, गोरखाले आफ्नो कार्यक्षेत्रभित्र रही विभिन्न तथ्याङ्कीय गतिविधिहरू सञ्चालन गर्दै आएको छ। जसमध्ये वार्षिक प्रतिवेदन प्रकाशन पनि मुख्य क्रियाकलाप पनि हो।
तथ्याङ्क समन्वय कार्यालय, गोरखाको आ.व. २०८२।०८३ को वार्षिक प्रतिवेदन प्रकाशन गर्न पाउँदा खुशी लागेको छ। सुशासन व्यवस्थापन तथा सञ्चालन ऐन,२०६४ को दफा ४१ तथा तथ्याङ्क ऐन, २०७९ को दफा ३३ बमोजिम यो प्रतिवेदन तयार गरिएको छ। यस पुस्तिकाले कार्यालयको एक वर्षको कार्यसम्पादनको संक्षिप्त झलक प्रस्तुत गर्नुका साथै आगामी कार्यदिशा तय गर्न समेत सहयोग पुग्ने विश्वास लिएका छौं।

संघीय शासन प्रणालीमा तीनै तहका सरकारबाट निर्माण गरिने नीति, योजना तथा कार्यक्रमलाई तथ्यमा आधारित बनाउन स्थानीयस्तरमा उपलब्ध हुने तथ्याङ्कको भूमिका अझ महत्वपूर्ण भएको छ। जनसंख्या, रोजगारी, उत्पादन, व्यवसाय, सामाजिक अवस्था, आर्थिक गतिविधि लगायतका विभिन्न विषयसँग सम्बन्धित तथ्याङ्कले स्थानीय तहदेखि राष्ट्रिय तहसम्म विकासका प्राथमिकता निर्धारण गर्न सहयोग पुर्‍याउँछ। त्यसैले तथ्याङ्कको उत्पादनसँगै यसको गुणस्तर, नियमितता, पहुँच र उपयोगलाई समेत सुदृढ बनाउनु आवश्यक छ। यसै सन्दर्भमा तथ्याङ्क समन्वय कार्यालय, गोरखाले राष्ट्रिय तथ्याङ्क प्रणालीलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा जोड्ने, तथ्याङ्कीय गतिविधिहरूमा समन्वय कायम गर्ने तथा विभिन्न निकायबाट आवश्यक पर्ने तथ्याङ्क तथा सूचना उपलब्ध गराउने कार्यमा आफ्नो भूमिका निर्वाह गर्दै आएको छ।

अन्त्यमा, यस प्रतिवेदन प्रकाशन कार्यक्रमलाई प्राथमिकता दिई गुणस्तरिय तथा समय सापेक्ष बनाउन आवश्यक निर्देशन तथा सहजिकरण गर्नुहुने राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथलि काठमाण्डौंका प्रमुख तथ्याङ्क अधिकारीज्यु, उप-प्रमुख तथ्याङ्क अधिकारीज्युहरु, योजना शाखाका निर्देशकज्यु प्रति हार्दिक धन्यबाद सहित आभार व्यक्त गर्दछु। यो प्रतिवेदन तयारीमा अहोरात्र खटिनुहुने प्रतिवेदन लेखन समितिका संयोजक तथ्याङ्क अधिकृत श्री लोक प्रसाद ढुंगाना, सदस्य खरिदार श्री नविन भण्डारी र सदस्य सह लेखापाल श्री रामेश्वर गुरागाईं प्रति हार्दिक आभार सहित बिशेष धन्यवाद ज्ञापन गर्दछु। साथै,तथ्याङ्क समन्वय कार्यालय, गोरखाका निर्धारित कार्यक्रमहरू समयमै सम्पन्न गर्न निरन्तर खटिनुहुने सम्पूर्ण कर्मचारी साथीहरूको मेहनत, अनुशासन र कार्यप्रतिको प्रतिबद्धताको समेत उच्च प्रशंसा गर्दछु।
कार्यालयका कार्यक्रम तथा क्रियाकलापहरू सफलतापूर्वक सम्पन्न गर्न तथ्याङ्क तथा सूचना उपलब्ध गराउनुहुने सम्पूर्ण उत्तरदाता, स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्था, विभिन्न संघ—संस्था, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरूबाट प्राप्त सहयोगप्रति हार्दिक आभार व्यक्त गर्दछु। प्रस्तुत विवरणमा रहेका त्रुटि, कमी—कमजोरी तथा सुधार गर्नुपर्ने पक्षहरू औँल्याई आगामी प्रकाशनलाई अझ तथ्यपरक, गुणस्तरीय र उपयोगी बनाउन रचनात्मक सुझाव तथा पृष्ठपोषण प्रदान गरिदिनुहुन सम्पूर्ण पाठकवर्ग तथा सरोकारवालाहरूमा तथ्याङ्क समन्वय कार्यालय, गोरखा हार्दिक अनुरोध गर्दछ ।



शिवलाल शर्मा
तथ्याङ्क समन्वय अधिकारी

# बिषय-सूचि


## खण्ड १ कार्यालयको परिचय

१.१ कार्यालय सम्बन्धी ....................................................................................१

१.२ कर्मचारी सम्बन्धी विवरण ........................................................................ २

१.३ कार्यालयको नागरिक बडापत्र .................................................................... ४

१.४ कार्यालयको कर्मचारी सांगठनिक चार्ट ....................................................... ५

## खण्ड २ वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण

२.१ कार्यालयका नियमित कार्यहरु ........................................................................ ६

२.२ विभिन्न सर्वेक्षणहरू.......................................................................................८

२.३ गोष्टी तथा समीक्षा.......................................................................................१०

२.४ कार्यक्रम/क्रियाकलाप संचालन कार्ययोजना ..................................................११

२.५ सम्पन्न गरिएका क्रियाकलापहरु ................................................................ १३

## खण्ड ३ कार्यालयको वित्तिय एव भौतिक प्रगति सम्बन्धि विवरण

३.१ गत आ.व.को बजेट, खर्च एवं भौतिक प्रगती .............................................. १५

३.२ बेरूजुको अवस्था ........................................................................................२५

३.३ अनुगमन तथा सुपरिवेक्षण .......................................................................... २५

## खण्ड ४ कार्यालयको भौतिक अवस्था

४.१ कार्यालयको भौतिक पूर्वाधार ...................................................................... २७

४.२ कार्यालयको जिन्सी विवरण ........................................................................ २७

## खण्ड ५ सूचना तथा प्रविधिको अवस्था

५.१ सूचना तथा प्रविधि अवस्था ........................................................................२८

५.२ सूचना तथा प्रविधिसम्बन्धी भौतिक अवस्था ................................................ २९

## खण्ड ६ कार्यालयका समस्या र समाधानका उपायहरु

६.१ कार्यालयका मौजुदा समस्या ...................................................................... २९

६.२ समस्या समाधानका उपायहरु ...................................................................... ३०

६.३ कार्यालयका अभ्यासहरू ............................................................................ ३०

# तालिकाहरूको सूचि

तालिका १.२.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको दरबन्दी सम्बन्धी विवरण ................................२
तालिका १.२.२ तथ्याङ्क कार्यालय गोरखाका कार्यालय प्रमुखहरूको नामावली ..................................२
तालिका १.२.३ तथ्याङ्क समन्वय कार्यालय, गोरखाका तथ्याङ्क समन्वय अधिकारीको नामावली.................३
तालिका १.३.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको नागरिक वडापत्र ..........................................४
तालिका १.४.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको कर्मचारी सङ्गठन चार्ट .....................................५
तालिका १.४.२ तथ्याङ्क समन्वय कार्यालय, गोरखामा कार्यरत कर्मचारीहरूको विवरण .........................५
तालिका २.४.१ आ.व. २०८२।८३ को कार्ययोजना..............................................................११
तालिका २.५.१ आ.व. २०८२।८३ मा सम्पादन गरिएका क्रियाकलापहरू ....................................१३
तालिका ३.१.१ आ.व. २०८२।८३ को वित्तीय तथा भौतिक प्रगति विवरण .................................१५
तालिका ३.१.२ आ.व. २०८२।८३ को वित्तीय तथा भौतिक प्रगति विवरण (ग्राफमा) .....................२४
तालिका ३.१.३ आ.व. २०८२।८३ को प्रमुख कार्यक्रमहरुको वित्तीय तथा भौतिक प्रगति विवरण ......२४
तालिका ३.८.१ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट भएको अनुगमन, निरीक्षण .......................................२५
तालिका ४.२.१ कार्यालयको जिन्सी विवरण.......................................................................२७
तालिका ५.१.१ सूचना प्रविधि सम्बन्धि भौतिक सामाग्रीको विवरण ..............................................२८

# खण्ड १
# कार्यालयको परिचय

## १.१ कार्यालय सम्बन्धि

### १.१.१ कार्यालयको गठन र अवस्थिति

विगतमा तथ्याङ्क ऐन २०१५ मा ब्यवस्था भए बमोजिम केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय योजना आयोगको सचिवालय अन्तर्गत वि.सं.२०१५ साल मङ्सिर १५ गते स्थापना भएको हो । साविकको केन्द्रीय तथ्याङ्क विभाग तथ्याङ्क ऐन, २०७९ बमोजिम वि.सं.२०७९ साल आश्विन २८ गते देखि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहत राष्ट्रिय तथ्याङ्क कार्यालयमा परिणत भएको छ । तथ्याङ्क ऐन, २०७९ अनुसार राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रमुखको रुपमा संघीय निजामती सेवाको विशिष्ट श्रेणीको प्रमुख तथ्याङ्क अधिकारी रहने व्यवस्था छ । साविकको केन्द्रीय तथ्याङ्क विभाग र हालको राष्ट्रिय तथ्याङ्क कार्यालयको कार्य सम्पादनमा सहयोग पुऱ्याउने उद्देश्यले विगतमा क्षेत्रीय तथ्याङ्क कार्यालयहरु रहेकोमा वि.सं. २०५० साल श्रावण १ गते देखि गोरखा, लमजुङ र मनाङ ३ वटा जिल्ला कार्य क्षेत्र हुने गरी शाखा तथ्याङ्क कार्यालय गोरखाको स्थापना भएको थियो । मिति २०७० साल चैत्र १ गते देखि साविकको शाखा तथ्याङ्क कार्यालय गोरखाको नाम परिवर्तन भई तथ्याङ्क कार्यालय,गोरखा भएको थियो र मिति २०८१ श्रावण १ गतेदेखि पुनः नाम परिवर्तन भई हाल तथ्याङ्क समन्वय कार्यालय,गोरखा रहेको छ । यस कार्यालय गोरखा जिल्लाको गोरखा नगरपालिका वडा नं.-८ , तल्लो बराहमा भाडाको घरमा रहेको छ ।

### १.१.२ काम ,कर्तव्य र अधिकार

राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालय गोरखा लगायत मातहतका १८ जिल्लामा रहेका तथ्याङ्क समन्वय कार्यालयहरूको लागि निर्धारित गरिएका कार्यहरू देहाय बमोजिम रहेका छन्

- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट आफ्नो क्षेत्रमा संचालन गरिने गणना एवं सर्वेक्षणमा संलग्न हुने,
- राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा संचालन हुने तालिम कार्यमा सघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम संचालन गर्न आवश्यक पर्ने तालिम संचालन गर्ने, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट जिल्लास्तरमा संचालन हुने तालिम कार्यमा सघाउ पुऱ्याउने र स्थानीय स्तरमा कार्यक्रम संचालन गर्न आवश्यक पर्ने तालिम संचालन गर्ने,
- आवश्यकता अनुसार प्राथमिक तथा द्धितियक तथ्याङ्क संकलन तथा प्रसोधन गर्ने,
- प्रदेश र कार्यक्षेत्र अन्तर्गतका जिल्ला एवमं स्थानीय तहको वस्तुगत विवरण तयार पार्ने ,

- योजना, नीति निर्माण, अध्ययन अनुसन्धान एवम अनुगमन मुल्यांकनको लागि आवश्यक तथ्याङ्क उपलब्ध गराउने,
- तथ्याङ्क विकासका लागि पैरवी र सुझाव उपलब्ध गराउने,
- वडा र गणना क्षेत्रको सीमाना, धरातल र घर परिवारको निर्दिष्ट स्थान छुट्टयाउने गरी नक्सांकन गर्ने ,
- प्रदेश, जिल्ला र स्थानीय तहहरूमा तथ्याङ्कीय क्रियाकलापहरूको समन्वय गर्ने,
- तथ्याङ्कीय अभिलेखहरूको संरक्षण,
- तथ्याङ्कको गुणस्तरमा निरन्तरता र एकरूपता कायम गरी विभिन्न निकायसँग समन्वय गर्ने,

## १.२ कर्मचारी सम्बन्धी विवरण

### १.२.१ तथ्याङ्क समन्वय कार्यालयको दरवन्दी विवरण

हाल तथ्याङ्क समन्वय कार्यालय, गोरखाको स्वीकृत दरवन्दी संख्या १३(तेह्र) रहेको छ, जसमध्ये ९ दरबन्दी पूर्ति भएको अवस्था छ । गणक पदको रिक्त ३ (तीन) दरबन्दी लोकसेवा आयोग पोखरामा माग गरिएको छ । कार्यालय सहयोगीको दुई दरवन्दीमा १ जना स्थायी कार्यालय सहयोगी र एक कार्यालय सहयोगी पद रिक्त रहेको थियो । हाल दरवन्दी र करारका गरी यस कार्यालयमा कार्यरत जम्मा जनशक्तिको संख्या ९(नौ) रहेको छ । पद, श्रेणी, सेवा, समूह एवं संख्या अनुसारको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिकाः १.२.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको दरवन्दी सम्बन्धी विवरण

| सि.न. | पद | श्रेणी | सेवा | समुह | पद संख्या | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|---|---|---|
| १ | तथ्याङ्क स. अधिकारी | रा.प. द्धितीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| २ | तथ्याङ्क अधिकृत | रा.प. तृतीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | १ | १ | |
| ३ | सुपरिवेक्षक | रा. प. अनं.प्रथम | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ३ | २ | १ |
| ४ | गणक | रा.प. अनं.द्धितीय | ने. आ.यो. तथा तथ्याङ्क | तथ्याङ्क | ३ | १ | २ |
| ५ | खरीदार | रा.प. अनं.द्धितीय | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| ६ | सहलेखापाल | रा.प. अनं.द्धितीय | नेपाल प्रशासन | लेखा | १ | १ | |
| ७ | कार्यालय सहयोगी | श्रेणी विहिन | नेपाल प्रशासन | सामान्य प्रशासन | २ | २ | |
| जम्मा | | | | | १३ | १० | ३ |

### १.२.२ तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरुको नामावली

वि.सं. २०५० मा यस शाखा तथ्याङ्क कार्यालय गोरखाको स्थापना पछी वि.स. २०८१ असार ०१ गते सम्म तथ्याङ्क कार्यालय गोरखामा जम्मा १५ जना कार्यालय प्रमुखहरूले काम गर्नु भएको थियो । वि.सं. २०५० सालमा शाखा तथ्याङ्क कार्यालयको रूपमा स्थापना भए पश्चात वि.सं. २०८१ असार ०१ गते सम्म तथ्याङ्क कार्यालयका कार्यालय प्रमुखहरू (का.मु. तथ्याङ्क अधिकृत, तथ्याङ्क अधिकृत र नि.तथ्याङ्क अधिकृत ) को नामावली र कार्यअवधि निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः१.२.२ तथ्याङ्क कार्यालय,गोरखाका कार्यालय प्रमुखहरू (तथ्याङ्क अधिकृतहरु)को नामावली**

| क्र.स. | नाम थर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | श्री लक्ष्मण श्रेष्ठ | का.मु. तथ्याङ्क अधिकृत | २०५० **भदौ** | २०५० चैत्र |
| २ | श्री दामोदर बास्तोला | का.मु. तथ्याङ्क अधिकृत | २०५१ बैशाख | २०५२ चैत्र |
| ३ | श्री रामहरी गैरे | तथ्याङ्क अधिकृत | २०५३ जेठ | २०५५ पौष |
| ४ | श्री आनन्दराज अर्याल | तथ्याङ्क अधिकृत | २०५५ माघ | २०५६ श्रावण |
| ५ | श्री चिरञ्जिवि अधिकारी | नि. तथ्याङ्क अधिकृत | २०५६ **भदौ** | २०५९ फागुन |
| ६ | श्री लोक बहादुर खत्री | तथ्याङ्क अधिकृत | २०५९ फागुन | २०६२ जेठ |
| ७ | श्री चिरञ्जिवि अधिकारी | नि. तथ्याङ्क अधिकृत | २०६२ जेठ | २०६३ असार |
| ८ | श्री तिर्थराज बराल | तथ्याङ्क अधिकृत | २०६३ असार | २०६५ चैत्र |
| ९ | श्री शिवराज न्यौपाने | तथ्याङ्क अधिकृत | २०६५ चैत्र | २०७० बैशाख |
| १० | श्री उर्मिला शाही | तथ्याङ्क अधिकृत | २०७०।०२।२९ | २०७२।०५।११ |
| ११ | श्री यज्ञमुर्ति भण्डारी | तथ्याङ्क अधिकृत | २०७२।०५।१५ | २०७६।०५।०५ |
| १२ | श्री जिवनाथ आचार्य | तथ्याङ्क अधिकृत | २०७६।०५।०९ | २०७७।१०।२६ |
| १३ | श्री महेश प्रसाद ढुङ्गाना | तथ्याङ्क अधिकृत | २०७७।१०।२६ | २०७९।१२।२४ |
| १४ | श्री जितेन्द्र रानाभाट | तथ्याङ्क अधिकृत | २०८०।०२।०५ | २०८०।०५।०४ |
| १५ | श्री विनोद विश्वकर्मा | नि .तथ्याङ्क अधिकृत | २०८०।०५।०५ | २०८१।०३।०१ |

### १.२.३ तथ्याङ्क समन्वय कार्यालय गोरखाका कार्यालय प्रमुखको नामावली:

साविकमा ३३ तथ्याङ्क कार्यालय रहेकामा नेपाल सरकारको निर्णयानुसार आ.व. २०८१।८२ को शुरूवात देखी १८ वटा मात्र तथ्याङ् समन्वय कार्यालय रहने भए पछि साविकका केही तथ्याङ्क कार्यालयहरु खारेजीमा परे पश्चात तथ्याङ्क कार्यालयहरुको organizational structure तथा केही तथ्याङ्क कार्यालयहरुको Location मा समेत परिवर्तन गरी जम्मा १८ तथ्याङ्क समन्वय कार्यालयको स्थापना र कार्यालय प्रमुखको रुपमा तथ्याङ्क समन्वय अधिकारीको व्यवस्था गरिएको थियो । तथ्याङ्क समन्वय कार्यालय, गोरखाका कार्यालय प्रमुखको नामावली निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिकाः १.२.३ तथ्याङ्क समन्वय कार्यालय, गोरखाका कार्यालय प्रमुखको नामावली**

| क्र.स. | नामथर | पद | देखि | सम्म |
|---|---|---|---|---|
| १ | दीपक कोइराला | तथ्याङ्क समन्वय अधिकारी | २०८१।३।०२ | २०८१।११।३० |
| २ | तुल्सी राम पोखेल | तथ्याङ्क समन्वय अधिकारी | २०८१।१२।०७ | २०८२।०७।३० |
| ३ | लोक प्रसाद ढुंगाना | नि. तथ्याङ्क समन्वय अधिकारी | २०८२।०८।०१ | २०८२।१२।२४ |
| ४ | शिवलाल शर्मा | तथ्याङ्क समन्वय अधिकारी | २०८२।१२।२५ | हाल सम्म |

## १.३ कार्यालयको नागरिक बडापत्र

तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण, प्रकाशन तथा सार्वजनिकीकरण गर्ने, तथ्याङ्को अभिलेख राख्ने, तथ्याङ्कीय साक्षरता तथा चेतना प्रवर्धन गर्ने एवं प्रदेश, जिल्ला र स्थानीय स्तरमा तथ्याङ्कीय कृयाकलापको समन्वय गर्नु तथ्याङ् समन्वय कार्यालयको प्रमुख कार्य जिम्मेवारी रहेको छ । यस कार्यालयले प्रत्यक्षय रूपमा जनताको दैनिक सेवासुविधा सम्बन्धी कार्य नगरी प्राविधिक प्रकृतिको स्टाफ एजेन्सीको रूपमा काम गर्ने गर्दछ । तयाङ्क समन्वय कार्यालय, गोरखाको नागरिक वडापत्र निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिकाः १.३.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको नागरिक वडापत्र

| क्र.सं. | संचालन गरिने कार्य/सेवा | कार्य/सेवा संचालन गरिने प्रकृया | कार्य/सेवा प्राप्त/संचालन गर्न लाग्ने समय | लाग्ने दस्तुर | जिम्मेवार शाखा/फाँट |
|---|---|---|---|---|---|
| १. | विभिन्न गणना तथा सर्वेक्षणको तथ्याङ्क सङ्कलन | छनौटमा परेका क्षेत्रमा निर्देशनानुसार तथ्याङ्क सङ्कलन गर्ने । | आवश्यकता अनुसार | - | तथ्याङ्क शाखा, सम्बन्धित प्राविधिक फाँट |
| २. | वस्तुगत विवरण तथा तथ्याङ्क प्रकाशन | सम्बन्धित निर्देशिका अनुसार | आवश्यकता अनुसार | - | तथ्याङ्क शाखा, प्रकाशन फाँट |
| ३. | तथ्याङ्क तथा प्रकाशन वितरण | लिखित निवेदन र निवेदकको परिचय पत्रको प्रतिलिपी | निवेदन प्राप्त भएकै दिन | निःशुल्क | प्रशासन शाखा |
| ४. | तथ्याङ्कीय साक्षरता एवं सचेतना | तालिम, गोष्ठी, बैठक, सञ्चार माध्यम | कार्यविधि, निर्देशिका अनुसार | - | प्रशासन शाखा |
| ५. | कार्यक्षेत्र भित्रका स्थानीय तहहरूसंग तथ्याङ्कीय कृयाकलापको समन्वय | तालिम, गोष्ठी, बैठक, पत्राचार, टेलिफोन, इमेल | आवश्यकता अनुसार | - | प्रशासन शाखा |
| ६. | सरकारी निकाय वा सार्वजनिक संस्थालाई तथ्याङ्क सम्बन्धी कार्यमा सहयोग गर्ने | लिखित निवेदन र निर्णयको प्रतिलिपी, आपसी समन्वय, सम्झौता | आवश्यकता अनुसार | निःशुल्क | तथ्याङ्क समन्वय अधिकारी वा निजले तोकेको अधिकृत |
| ७. | पुस्तकालय सेवा | परिचय खुल्ने कागजात | कार्यालय समयभित्र | निःशुल्क | प्रशासन शाखा |

कार्यालय प्रमुखः शिवलाल शर्मा (मोबाइल नं. ९८५६०७०१९८)
इमेलः sogorkha98@gmail.com )
सूचना अधिकारी तथा गुनासो व्यवस्थापन अधिकृतः लोक प्रसाद ढुंगाना
सम्पर्क नम्बरः ०६४-४२०१९८, ९८५६०७०१९८
ईमेलः scogorkha@nsonepal@gov.np
वेब साईटः scogorkha.nsonepal.gov.np

तालुक निकायः राष्ट्रिय तथ्याङ्क कार्यालय
सम्पर्क नम्बरः ०१-५३४५९४७, ०१-५३२९४०६
ईमेलः info@nsonepal.gov.np
वेब साईटः .nsonepal.gov.np

## १.४ कार्यालयको कर्मचारी सांगठनिक चार्ट

## १.४.१ तथ्याङ्क समन्वय कार्यालयको कर्मचारी सांगठनिक चार्ट

तथ्याङ्क समन्वय कार्यालयमा नेपाल आर्थिक योजना तथा तथ्याङ्क सेवा, तथ्याङ्क समूह, रा.प. द्वितीय श्रेणीको तथ्याङ्क समन्वय अधिकारी कार्यालय प्रमुखको रूपमा रहने ब्यवस्था छ । कार्यालयको कामलाई प्राविधिक(तथ्याङ्क) शाखा र प्रशासन शाखा अन्तर्गत रहने गरी विभाजन गरिएको छ । शाखा प्रमुखको रूपमा तथ्याङ्क अधिकृतलाई जिम्मेवारी दिइएको छ । काममा सहजीकरणको लागि तथ्याङ्क शाखा अन्तर्गत राष्ट्रिय लेखा फाँट, मूल्य तथ्याङ्क फाँट, गणना फाँट, सर्वेक्षण फाँट, प्रकाशन फाँट तथा प्रशासन शाखा अन्तर्गत कर्मचारी प्रशासन तथा तालिम फाँट, जिन्सी तथा खरिद फाँट र आर्थिक प्रशासन तथा लेखा फाँट रहने गरी सहायक कर्मचारीहरूको काम बाँडफाट गरिएको छ । तथ्याङ्क समन्वय कार्यालय, गोरखाको कर्मचारी सङ्गठन चार्ट देहाय अनुसार रहेको छ ।

### तालिकाः १.४.१ तथ्याङ्क समन्वय कार्यालय, गोरखाको कर्मचारी साङ्गठनिक चार्ट

**तथ्याङ्क समन्वय अधिकारी-१**

↓

**तथ्याङ्क अधिकृत-१**

**प्राविधिक फाँट** | **प्रशासन फाँट**

↓

**सुपरिवेक्षक-३**
**गणक-३**

**स ले पा-१ खरिदार -२**
**का स -२**

## १.४.२ तथ्याङ्क समन्वय कार्यालय, गोरखामा हाल कार्यरत कर्मचारीहरूको विवरण

हाल तथ्याङ्क समन्वय कार्यालय, गोरखामा जम्मा १० (दश) जना कर्मचारीहरू कार्यरत रहेका छन् । कर्मचारीहरूको संक्षिप्त विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिकाः १.४.२ तथ्याङ्क समन्वय कार्यालय, गोरखामा कार्यरत कर्मचारीहरूको विवरण**

| क्र.सं. | कर्मचारीको नाम | सेवा समूह | श्रेणी | पद | सेवा अवधि | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १. | शिवलाल शर्मा | आ.यो.त., तथ्याङ्क | रा.प. द्वितीय | त.स. अधिकारी | २७ वर्ष | स्नातकोत्तर ,गणित |
| २. | लोक प्रसाद ढुंगाना | आ.यो.त., तथ्याङ्क | रा.प. तृतीय | तथ्याङ्कअधिकृत | ४ वर्ष | स्नातकोत्तर ,तथ्याङ्कशास्त्र |
| ३. | विनोद विश्वकर्मा | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. प्रथम | सुपरिवेक्षक | १०वर्ष | स्नातकोत्तर ,जनसख्याशास्त्र |
| ४. | सरोज कुमार माझी | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. प्रथम | सुपरिवेक्षक | २ वर्ष | स्नातकोत्तर ,तथ्याङ्कशास्त्र |
| ५. | कुस्माखर सापकोटा | प्रशासन, सा.प्रशासन | रा.प.अनं. द्वितीय | खरिदार | १० वर्ष | स्नातकोत्तर ,गणित |
| ६. | नविन भण्डारी | प्रशासन, सा.प्रशासन | रा.प.अनं. द्वितीय | खरिदार | ९ वर्ष | स्नातकोत्तर(भौतिक शास्त्र, जनप्रशासन,राजनिति शास्त्र) स्नातकतह( कानुन, जनसंख्याशास्त्र) |
| ७. | रामेश्वर गुरागाईं | प्रशासन, लेखा | रा.प.अनं. द्वितीय | सह-लेखापाल | ९ वर्ष | स्नातकोत्तर , जनप्रशासन |
| ८. | सन्दिप ज्ञवाली शर्मा | आ.यो.त., तथ्याङ्क | रा.प.अनं. द्वितीय | गणक | ६ महिना | स्नातकोत्तर,गणित |
| ९. | सुमित्रा पाण्डे | प्रशासन, सा.प्रशासन | श्रेणीविहिन | कार्यालय सहयोगी | करार | ४ कक्षा पास |
| १०. | कृष्ण बहादुर जि.सी. | प्रशासन, सा.प्रशासन | श्रेणीविहिन | कार्यालय सहयोगी | करार | ८ कक्षा पास |

# खण्ड -२

# वार्षिक कार्यक्रम र अनुगमन तथा सुपरिवेक्षण

## २.१ कार्यालयका नियमित कार्यहरु

यस कार्यालयमा वार्षिक नियमित रुपमा निम्न बमोजिमकका कार्यहरु संचालन भएका छन् ।

### २.१.१ निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तथ्याङ्क संकलन

Input Price Index of construction Sector (IPICS) निर्माण सामग्रीमा प्रयोग हुने निर्माण सामग्रीहरुको खुद्रा मूल्यमा हुने वार्षिक परिवतर्नको बारेमा जानकारी गराउने उद्देश्यले राष्ट्रिय तथ्याङ्क कार्यालयद्वारा निर्माण क्षेत्रको लागत मूल्य सूचकांकको निर्माण गरिएको हो । आधार वर्ष २०४१/०४२ लाई लिएर निर्माण गरिएको यस सूचकांकमा निर्माण सामग्रीहरु जस्तै चिरान काठ, सिमेन्ट, ईट्टा,फलामे छड र ज्यालादर समावेश गरिएको थियो । निर्माण सामग्रीहरुको मूल्य सूचकांक (Price Index Of Some Construction Materials) र निर्माणक्षेत्रको ज्याला सूचकांक (Wage Index Of Construction Workers) को संयुक्त सूचकांक (Composite Index) को रुपमा निर्माण क्षेत्रको लागत मूल्य सूचकांक निर्माण गरिएको थियो । उपयोगकर्ताको माग र सुझाब अनुसार आ.व. २०५७/०५८ देखि यो सूचकांक त्रैमासिक रुपमा निर्माण गर्न शुरु गरिएको हो । त्रैमासिक सूचकांकहरु बिन्दुगत प्रणालीमा आधारित भएकोले वर्तमान त्रैमासिक सूचकांक अघिल्लो वर्षको सोही त्रैमासिकको मूल्यसंग तुलना गरी निर्माण गरिएको हुन्छ । परिवर्तित समयको माग अनुसार आ.व. २०६३/०६४ लाई आधार वर्ष मानेर बिन्दुगत नभई श्रेणीगत हिसाबले त्रैमासिक रुपमा सूचकांक निर्माण शुरु गरी आधार वर्षको मूल्यसँग तुलनायोग्य बनाइएको छ । निर्माण क्षेत्रको लागत मूल्य सूचकांक तयार गर्नका लागि तथ्याङ्क कार्यालयले प्रत्येक त्रैमाासिकमा नियमित रुपमा निर्माण सामग्रीहरुको खुद्रा मूल्य (बजार मूल्य) तथा निर्माण काममा संलग्न कामदारहरुको ज्यालादर सम्बन्धी विवरणहरु पाँचवटा उत्तरदाताहरुबाट संकलन गरि तोकिएको समयमै राष्ट्रिय तथ्याङ्क कार्यालयमा Data entry गरी softcopy पठाउने गरिन्छ । मूल्य संकलनका लागि छनौट गरिएका सामग्रीहरुमा ईट्टा, ढुङ्गा,छड,काठ, रङ्ग, सिमेन्ट, विद्युतिय सामग्री, आदि जस्ता २४ किसिमका सामग्रीहरु छन् । यसैगरी निर्माण काममा संलग्न कामदारमा इन्जिनियर, सुपरभाइजर, डकर्मी, सिकर्मी, पेन्टर जस्ता ८ किसिमका कामदारहरुको ज्यालादर संकलन गरिन्छ ।

### २.१.२ कृषिजन्य वस्तुहरुको स्थलगत मुल्य सूचकांक तथ्याङ्क संकलनः

नेपाल कृषिप्रधान मुलुक हो । यँहाको दुई तीहाई भन्दा बढी जनसंख्या कृषि पेशामा संलग्न छन् भने कुल ग्राहस्थ उत्पादनको एक तिहाई भन्दा बढी ( २५.२ प्रतिशत )हिस्सा कृषि क्षेत्रको रहेको छ । तसर्थ कृषि क्षेत्रले मुलुकको आर्थिक क्षेत्रमा वार्षिक रुपमा पुऱ्याएको योगदान महत्वपूर्ण रही आएको छ । कृषि क्षेत्रको योगदानको अनुमान गर्न उत्पादित कृषि वस्तुहरुको उत्पादन भएको समयको मूल्य नितान्त आवश्यक हुन्छ । कृषिजन्य वस्तुहरुको उत्पादनको आवधिक एवं स्थान विशेषको मूल्यले राष्ट्रिय आयको अनुमान गर्न मात्र सहयोग नगरी बजारमा माग र आपूर्तिको व्यवस्थापन गर्न समेत ठूलो मद्दत गर्दछ । यसको साथ साथै

कृषिक्षेत्रको नीति तथा कार्यक्रम तर्जुमा , कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्न पनि कृषि वस्तुहरुको आवधिक एवम् स्थान विशेषको मूल्य अपरिहार्य हुन्छ । आ.व. २०६५/०६६ देखि साविकको केन्द्रिय तथ्याङ्क विभाग( राष्ट्रिय तथ्याङ्क कार्यालय)को कृषि तथ्याङ्क शाखाले प्रमुख कृषि तथा पशुपंक्षी उत्पादनको मूल्य संकलन कार्यक्रम संचालन गरेको थियो । आ.व. २०६६/०६७ दखि मूल्य तथ्याङ्क शाखाले सो कार्यलाई निरन्तरता दिदै आई रहेको छ । तथ्याङ्क समन्वय कार्यालयहरुबाट प्रमुख कृषि तथा पशुपंक्षीबाट उत्पादित वस्तुहरुको मूल्य त्रैमासिक रुपमा संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयको मूल्य तथ्याङ्क शाखामा Data entry गरी softcopy पठाउने गरिन्छ । कृषि सम्बन्धि मूल्य तथ्याङ्क संकलन गर्नको लागि यस कार्यालयले गोरखा जिल्लामा जिल्लाको प्रतिनिधित्व हुने गरी ५ जना अगुवा कृषकहरुको छनौट गरेको छ । छानिएका कृषकहरुबाट प्रत्येक त्रैमासिकको अन्तिम महिनामा चालु त्रैमासिकको प्रत्येक महिनाको उत्पादित वस्तुहरुको स्थलगत मूल्य संकलन गरि राष्ट्रिय तथ्याङ्क कार्यालयममा पठाइन्छ ।

### २.१.३ त्रैमासिक राष्ट्रिय लेखा कार्यक्रम :

राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय लेखा शाखाले प्रत्येक वर्ष कुल ग्राहस्थ उत्पादन (Gross Domestic Product-GDP), कुल राष्ट्रिय आय (Gross National Income -GNI) लगायतका विभिन्न समष्टिगत आर्थिक सूचकहरु (Macro economic indicators) तयार गर्दै आइरहेको छ । राष्ट्रिय लेखा अनुमानको लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले आफैले उत्पादन गरेका तथ्याङ्कहरुका साथै अन्य विभिन्न स्रोतबाट उपलब्ध हुने तथ्याङ्क प्रयोग गर्ने गर्दछ । त्रैमासिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयले तथ्याङ्क समन्वय कार्यालयलाई निर्दिष्ट गरे बमोजिमका विभिन्न तथ्याङ्कहरु नियमित रुपमा संकलन गरि तोकिएको समयभित्र रा.त.का.मा पठाउने गरिन्छ । तथ्याङ्क समन्वय कार्यालयले त्रैमासिक लेखा अनुमान कार्यक्रम अन्तर्गत सम्पादन गर्नुपर्ने कायक्रमहरुको क्षेत्रगत विवरण यसप्रकार रहेका छन् ।

१.कृषि तथा मत्स्य
क) कृषि
ख) दूध,मासु र कुखुराको अण्डा उत्पादन
२.होटेल व्यवसाय
(क) तारे होटल
(ख) रेष्टुरेन्ट

३. यातायात
(क) स्थल यातायात
(ख) हवाई यातायात
४.घर जग्गा विकास
५.स्वास्थ्य सेवा
(क) निजी अस्पताल तथा नर्सिङ होम

तथ्याङ्क समन्वय कार्यालयले उल्लेखित क्षेत्रका तथ्याङ्क राष्ट्रिय
तथ्याङ्क कार्यालयले उपलब्ध गराएका फारामहरुमा तोकिएको Online Data Entry गरेर राष्ट्रिय तथ्याङ्क
कार्यालयमा पठाउने गरिन्छ ।

## २.१.४ वार्षिक राष्ट्रिय लेखा कार्यक्रम

वार्षिक राष्ट्रिय लेखा अनुमानका लागि राष्ट्रिय तथ्याङ्क कार्यालयलाई आवश्यक पर्ने जिल्ला/ स्थानीय स्तरका विभिन्न क्षेत्रका तथ्याङ्क तथ्याङ्क समन्वय कार्यालयबाट संकलन गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिएको छ । गत आ.व.मा वार्षिक राष्ट्रिय लेखा अनुमानका लागि आवश्यक तथ्याङ्क संकलन गरी Hard copy नै र National account rebasing का लागि संचालित सर्वेक्षणमा नर्सरी, वागवानी, लेखापरिक्षण सेवा र स्वास्थ्वसेवा (diagonostic lab.) सँग सम्बन्धित व्यवसायिक प्रतिष्ठानको सूचि अनुसार आवश्यक sample size बमोजिमको तथ्याङ्क संकलन गरि कार्यालयले Online Data Entry गरेर राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गरिन्छ ।

## २.१.५ औद्योगिक उत्पादन र उत्पादकको मुल्य तथ्याङ्क संकलन

औद्योगिक उत्पादनमा भएको परिवर्तन र उत्पादकको मुल्यमा भएको परिवर्तन मापन गर्न राष्ट्रिय तथ्याङ्क कार्यालयले त्रैमासिक र बार्षिक मुल्य सूचकाङ्क निकाल्ने गर्छ, सोका लागि छानीएका उद्योगहरुबाट आवश्यक तथ्याङ्क कार्यालयले समयमै सम्पन्न गरी राष्ट्रिय तथ्याङ्क कार्यालयमा पठाउने गर्दछ तर यस तथ्याङ्क समन्वय कार्यालयको कार्यक्षेत्र गोरखा, लमजुङ र मनाङ जिल्लामा छानीएका उद्योगहरु नपरेकोले यस प्रकारको तथ्याङ्क यस कार्यालयले सकलन गर्नुपर्दैन ।

## २.१.७ राष्ट्रिय तथ्यगत विवरण (NDP)

नेपालको संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तह हुने र राज्यशक्तिको प्रयोग तीनै तहले संविधान र कानूनले व्यवस्था गरेबमोजिम गर्ने व्यवस्था गरेको छ । तथ्यमा आधारित नीति निर्माण र निर्णय गर्न स्थान, समाज र जनता सम्बन्धी आधारभूत तथ्याङ्कको आवश्यकता हुने र यस्ता तथ्याङ्कको व्यवस्थापन गर्ने जिम्मेवारी संविधानतः तीनवटै तहमा रहेको छ । पर्याप्त, गुणस्तरीय र सामयिक तथ्याङ्कको अभावमा नीति निर्माण र योजना तर्जुमाको कार्य कठिन हुन जान्छ । तथ्याङ्क सङ्कलन एक गतिशील प्रक्रिया भएको हुँदा यसको उत्पादन पनि निरन्तर हुन जरुरी हुन्छ । राज्यका सबै तहले नीति निर्माण, योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कनका चरणमा तथ्याङ्कको अपरिहार्यतालाई आत्मसात गरिसकेको सन्दर्भमा स्थानीय सरकारदेखि सङ्घीय सरकारसम्मको प्रयोगका लागि तथ्यगत विवरणहरूको भरपर्दो र दिगो आपूर्ति गर्ने संयन्त्रको स्थापना हुन वाञ्छनीय देखिन्छ । यस सन्दर्भमा सम्माननीय राष्ट्रपतिज्यूबाट आ.व. २०७५/७६ मा नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुँदा बुँदा नं. २० मा “अबको हाम्रो विकास सूचना र तथ्याङ्कको गहन विश्लेषण, अनुसन्धान र प्रमाणमा आधारित हुनेछ । त्यसका लागि देशको भूगोल, प्रकृति, स्रोतसाधन, क्षमता र सम्भावनाका सम्पूर्ण सूचनाहरूको राष्ट्रिय तथ्यगत विवरण तयार गरिनेछ” भन्ने

महत्वपूर्ण नीतिबमोजिम "राष्ट्रिय तथ्यगत विवरण" कार्यक्रम शुरु गरिएको छ । यो कार्यक्रम अन्तर्गत संघ, प्रदेश तथा स्थानीय तहले उत्पादन गरेको Data यस NDP portal मा राख्न सकिने गरी सबैलाई Data entry गर्न User name र Password उपलब्ध गराइएको छ ।आ.ब. २०८१/८२ मा यस कार्यालयको कार्य क्षेत्र भित्रका सबै पालिकाहरुमा सरोकारवाला व्यक्तिहरु (IT officer) संग अन्तरक्रिया गोष्ठी गर्नुका साथै केही पालिका स्तरमा फिल्ड अनुगमन तथा प्रत्यक्ष भेटघाट र कतिपय पालिकाहरुमा मोबाइल इन्टरनेटको माध्यमबाट सम्पर्क गरी अधिकांश पालिकाहरुलाई तथ्याङ्क पोर्टलमा सम्बन्धित Data प्रविष्ट गर्न लगाइएको थियो । तर स्थानीयतहहरुबाट यस portal मा Data Entry लाई खासै प्रथमिकता दिइ data Entry भएको भने पाइएको छैन । यस portal मा Data Entry गर्ने कार्यलाई व्यवस्थित गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत केही नीतिगत व्यवस्था गर्न सकेमा र यस कार्यलाई बाध्यकारी बनाउन सकेमा यसको प्रभावकारीता बढ्ने देखिन्छ ।

### २.१.८ तथ्याङ्कीय ब्यवसायिक रजिष्टर (Statistical Business Register )

तथ्याङ्कीय ब्यवसायिक रजिष्टरले विभिन्न आर्थिक एवं ब्यवसायिक अध्ययनको लागि भरपर्दो ढाँचा एवं आधार उपलब्ध गराउँछ । जिल्लागत रूपमा सबै आर्थिक क्रियाकलाप गर्ने प्रतिष्ठानहरुको विवरण तोकिएको ढाँचामा सङ्कलन गरी यसलाई वार्षिक रूपमा अद्यावधिक गर्ने गरिन्छ । सङ्कलित विवरणलाई तोकिएको प्लेटफर्ममा प्रविष्टी गर्ने गरिन्छ । तथ्याङ्कीय व्यवसायिक रजिष्टरले विभिन्न आर्थिक क्षेत्रका सर्वेक्षणहरु संचालनका लागि sampling frame उपलब्ध गराउनुका साथै आर्थिक क्षेत्रगत रुपमा प्रतिष्ठानहरुको विवरण समेत उपलब्ध गराउँदछ ।

## २.२ विभिन्न सर्वेक्षणहरू :

आर्थिक वर्ष २०८२।८३ मा यो कार्यालय मार्फत निम्न अनुसारका सर्वेक्षणहरू संचालन गरिएको थियो ।

- नेपाल स्थल यातायात सर्वेक्षण, २०८२
- नेपाल व्यावसायिक तरकारिबाली सर्वेक्षण,२०८२
- नेपाल स्वास्थ्य संस्था सर्वेक्षण,२०८२
- राष्ट्रिय आर्थिक गणना, २०८२

## २.३ गोष्ठी तथा समीक्षा

### २.३.१ विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम संचालन

तथ्याङ्कको महत्व र प्रयोगका सम्बन्धमा विभिन्न सरोकारवालाहरूलाई सचेत गराउन सकेमा तथ्यमा आधारित निर्णय तथा योजना प्रणालीको विकास गर्न सघाउ पुग्दछ । तथ्याङ्कीय साक्षरता कार्यक्रमले सहि तथ्याङ्कको प्राप्ती र यसको बैज्ञानिक प्रयोग गरी सीमित स्रोत साधनको उच्चतम प्रयोग गरी अधिकतम उपलब्धी हासिल गर्ने दिशा तर्फ उन्मुख गराउन प्रेरीत गर्दछ । यसै कुरालाई मनन् गरी आ.व. २०८२।८३ मा यस कार्यालयमा विनियोजित बजेट तथा कार्यक्रम अनुसार ४ पटक स्थानीय तहहरूको लागि साक्षरता कार्यक्रम संचालन गरिएको थियो । यस कार्यक्रमलाई थप विस्तार गर्न आवश्यक देखिन्छ ।

## २.४ कार्यक्रम/ क्रियाकलाप संचालन कार्ययोजना

आ.व. २०८२।८३ मा यस कार्यालयले सम्पादन गर्नुपर्ने कार्यक्रम, खर्च शिर्षक २२५२२ अन्तर्गतका क्रियाकलापहरूलाई कार्यान्वयन गर्नको लागि निम्नानुसारको कार्ययोजना तय गरिएको थियो ।

### तालिकाः २.४.१ आ.व. २०८२।८३ को कार्ययोजना

| सि.नं. | कृयाकलाप | काम संचालनको लागि योजना गरिएको महिना |
|---|---|---|
| १ | त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | साउन, कार्तिक, माघ, वैशाख |
| २ | बार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | माघ ,फागुन |
| ३ | कृषि तथ्याङ्क संकलन एवं संकलनमा सहजीकरणको लागि अगुवा किसान (नियमित र नयाँ जिल्लामा समेत) लाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | असोज, पुस, चैत्र, असार |
| ४ | निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन (नियमित र नयाँसमेत) तथा सुपसुरिवेक्षण कार्य गर्ने | **भदौ**, मंसिर, फागुन, जेठ |
| ५ | तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयनको अनुगमन | साउन, **भदौ**, असोज, पुस,बैशाख |
| ६ | तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयन सम्बन्धि समिक्षा गोष्ठी (यातायात खर्च सर्च मेत) | **भदौ**, मंसिर, फागुन, बैशाख |

| सि.नं. | कृयाकलाप | काम संचालनको लागि योजना गरिएको महिना |
|---|---|---|
| ७ | गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल | बैशाख,जेठ |
| ८ | वार्षिक प्रगति प्रतिवेदन २०८२ | साउन |
| ९ | आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलनको लागि भ्रमण खर्च | साउन, भदौ,असोज |
| १० | कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च | पुस, असार |
| ११ | राष्ट्रिय आर्थिक गणना, २०८२ | चैत, बैशाख, जेठ, असार |
| १२ | बिधुतिय पालिका प्रोफाईल तयारी कार्य | पुष, माघ |
| १३ | व्यावसायिक तरकारी बाली सर्वेक्षणको सुचिकरण कार्य | साउन, भदौ |
| १४ | व्यावसायिक तरकारी बाली सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलन कार्य | चैत, बैशाख |
| १५ | निजि स्वास्थ्य सेवा प्रदायक संस्था सर्वेक्षणको सुचिकरण कार्य | कार्तिक,मंसीर |
| १६ | निजि स्वास्थ्य सेवा प्रदायक संस्था सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलन कार्य | बैशाख,जेठ |
| १७ | विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम संचालन | असोज, मंसिर, वैशाख, जेठ |
| १८ | स्थलगत यातायात सेवा सर्वेक्षणको सुचिकरण कार्य | बैशाख, जेठ |
| १९ | स्थलगत यातायात सेवा सर्वेक्षण सम्बन्धि स्थलगत तथ्याङ्क संकलन कार्य | बैशाख,जेठ,असार |

## २.५ सम्पन्न गरिएका क्रियाकलापहरू

आ.व. २०८२।८३ मा यस कार्यालयले संचालन गर्नुपर्ने अधिकांश कृयाकलापहरू न्यून जनशक्ति एवं समय सीमाका बाबजुद पनि समय मै सम्पन्न भएका छन् । कृयाकलापहरू सम्पन्न गर्न कार्यालयलाई प्राप्त स्रोतसाधन तथा जनशक्तिको उच्चतम (Optimum) प्रयोग गरिएको र नपुग जनशक्ति करारमा (नेपाल स्थल यातायात सर्वेक्षण र नेपाल व्यवसायिक तरकारिबाली सर्वेक्षणका लागि व्यवस्था गरिएको थियो । सम्पन्न गरिएका कृयाकलापहरूको विवरण निम्नानुसार रहेका छन् ।

## तालिकाः २.५.१ आ.व. २०८२।८३ मा सम्पादन गरिएका क्रियाकलापहरू

| क्र.सं. | क्रियाकलाप | एकाई | लक्षित परिमाण | सम्पन्न परिमाण |
|---|---|---|---|---|
| १ | त्रैमासिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | पटक | १२ | १२ |
| २ | बार्षिक राष्ट्रिय लेखा तथ्याङ्क सङ्कलन तथा अनुगमन | पटक | १ | १ |
| ३ | कृषि तथ्याङ्क संकलन एवं संकलनमा सहजीकरणको लागि अगुवा किसान (नियमित र नयाँ जिल्लामा समेत) लाई यातायात खर्च र फिल्ड सुपरिवेक्षण | महिना | १२ | १२ |
| ४ | निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्याङ्क संकलन (नियमित र नयाँसमेत) तथा सुपसुरिवेक्षण कार्य गर्ने | महिना | १२ | १२ |
| ५ | तथ्याङ्क समन्वय कार्यालय (जिल्ला) मार्फत स्थानीय तहमा राष्ट्रिय तथ्यगत विवरण (NDP) को कार्यान्वयनको अनुगमन | पटक | १६ | १६ |
| ७ | गणना तथा सर्वेक्षणहरुसँग सम्वन्धित सरोकारवालाहरुसँग अन्तरक्रिया तथा छलफल | पटक | १ | १ |
| ८ | वार्षिक प्रगति प्रतिवेदन २०८२ | पटक | १ | १ |
| ९ | आन्तरिक पर्यटक सर्वेक्षणको स्थलगत तथ्याङ्क सङ्कलनको लागि भ्रमण खर्च | पटक | २ | २ |
| १० | कृषि उत्पादक मूल्य अन्तर्गत अगुवा कृषकलाई प्रोत्साहन खर्च | पटक | ५ | ५ |
| ११ | राष्ट्रिय आर्थिक गणना, २०८२ | PSU | १०० | १०० |
| १२ | बिधुतिय पालिका प्रोफाईल तयारी कार्य | जना | २ | २ |
| १३ | व्यावसायिक तरकारी बाली सर्वेक्षणको सुचिकरण कार्य | प्रतिशत | १०० | १०० |
| १४ | व्यावसायिक तरकारी बाली सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलन कार्य | संख्या | १०० | १०० |
| १५ | निजि स्वास्थ्य सेवा प्रदायक संस्था सर्वेक्षणको सुचिकरण कार्य | प्रतिशत | १०० | १०० |
| १६ | निजि स्वास्थ्य सेवा प्रदायक संस्था सर्वेक्षणको स्थलगत तथ्याङ्क संकलन कार्य | पटक | १०० | १०० |
| १७ | विभिन्न स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम संचालन | प्रतिशत | ५ | ४ |
| १८ | स्थलगत यातायात सेवा सर्वेक्षणको सुचिकरण कार्य | पटक | १०० | १०० |
| १९ | स्थलगत यातायात सेवा सर्वेक्षण सम्बन्धि स्थलगत तथ्याङ्क संकलन कार्य | पटक | १०० | १०० |

# खण्ड ३

# ३. कार्यालयको वित्तीय तथा भौतिक प्रगती सम्बन्धी विवरण

## ३.१ आ.ब. २०८२/८३ को बजेट, खर्च , वित्तीय एव भौतिक प्रगति

आ.व. २०८२।८३ को शुरुमा यस कार्यालयको लागि पूंजिगत तर्फ रू. ४ लाख अठासी हजार र चालु तर्फ रू. १ करोड ४४ लाख ९७ हजार गरी जम्मा रू.१ करोड ४९ लाख ८५ हजारको बजेट विनियोजन गरिएको थियो । पछि थप रकमान्तर भइ चालुतर्फ रु.१ करोड ४७ लाख २ हजार १३१, संचित बिदामा रु. ६७५,२१८ र औषधी उपचारमा रु. ९३८,३४७ गरी कुल अन्तिम बजेट रु. १ करोड ६८ लाख ३ हजार ६९६ कायम भएको थियो । विनियोजित अन्तिम बजेट मध्येबाट पूंजिगत तर्फ रू. ४ लाख ८७ हजार ९१८ यथार्थ ९९.९८ प्रतिशत, चालु तर्फ रु. १ करोड ८७ हजार ६१३ पैसा ७६ यथार्थ ६६.६१ प्रतिशत, संचित बिदा तर्फ रु. ६७५,२१८ यथार्थ शत प्रतिशत र औषधी उपचार तर्फ रु. ९३८,३४७ यथार्थ शत प्रतिशत बजेट खर्च भएको थियो । यस कार्यालयलाई विनियोजन गरिएको जम्मा बजेट रु.१ करोड ६८ लाख ३ हजार ६९६ मध्ये समग्रमा रु १ करोड २१ लाख ८९ हजार ९६ पैसा ७६ अथार्थ ७२.५४ प्रतिशत बजेट खर्च भएको थियो । भौतिक प्रगती तर्फ पूंजिगतको १०० प्रतिशत , चालु बजेटमा कार्यक्रम तर्फको मात्र ९५.४८ प्रतिशत रहेको थियो । तथ्याङ्क समन्वय कार्यालय, गोरखाको गत आ.व. २०८२/८३ को चालु कार्यक्रम खर्चशिर्षक ( क्रियाकलाप अनुसार) को र पूजिगत तर्फको विनियोजित बजेट सो को वित्तीय एवं भौतिक प्रगतीको विवरण र समग्र प्रगति विवरण देहाय अनुसार रहेको छ ।

**तालिकाः ३.१.१ आ.व. २०८२।८३ को वित्तीय तथा भौतिक प्रगती विवरण**

**बजेट उपशिर्षकः ३०१०८०१२३ (चालुखर्च कार्यक्रमहरुको मात्र)**

| अ.चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | बार्षिक लक्ष्य | | | बार्षिक प्रगति | | | |
|---|---|---|---|---|---|---|---|---|
| कार्यक्रमहरुको नाम | इकाई | परिमाण | भार | अन्तिम बजेट (लाखमा) | परिमाण | बजेट खर्च (लाखमा) | भौतिक प्रगति (प्रतिशतमा) | वित्तिय प्रगति (प्रतिशतमा) |
| निर्माण क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र नयाँसमेत) तथा सुपरिवेक्षण कार्य | प्र.श. | १०० | ०.५४ | ०.८१ | १०० | ०.७४ | १०० | ९१.७८ |
| कृषि क्षेत्रको सर्वेक्षणको लागि तथ्यांक संकलन (नियमित र | प्र.श. | १०० | ०.४८ | ०.७२ | १०० | ०.५८ | १०० | ८०.२३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नयाँसमेत) तथा सुपरिवेक्षण कार्य | | | | | | | | |
| कृषि उपजहरुको उत्पादक मूल्य संकलनमा सहजीकरणको लागि अगुवा कृषकहरुलाई प्रोत्साहन / यातायात खर्च | पटक | ४ | ०.१८ | ०.२७ | ५ | ०.२७ | १२५ | ९९.८१ |
| त्रैमासिक राष्ट्रिय लेखा तथ्यांक संकलन र अनुगमन तथा सुपरिवेक्षण | प्र.श. | १०० | १.७२ | २.५७ | १०० | २.५६ | १०० | ९९.६४ |
| वार्षिक राष्ट्रिय लेखा तथ्यांक तथा प्रादेशिक राष्ट्रिय लेखा तथ्याङ्क संकलन र अनुगमन तथा सुपरिवेक्षण | प्र.श. | १०० | १.२५ | १.८७ | १०० | १.६४ | १०० | ८७.६१ |
| नेपाल व्यवसायिक तरकारी सर्वेक्षण २०८२।८३ को सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य | वाली | १०० | २.४४ | ३.६५ | १०० | १.२६ | १०० | ३४.५२ |
| नेपाल व्यवसायिक तरकारी सर्वेक्षण २०८२।८३ को स्थलगत मूल तथ्याङ्क सङ्कलन कार्यको लागि करार जनशक्ति २ महिनाको लागि | जना | २ | ०.६३ | ०.९५ | १ | ०.६६ | १०० | ६९.२७ |
| नेपाल व्यवसायिक तरकारी सर्वेक्षण २०८२।८३ को मुख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य | प्र.श. | १०० | ०.९६ | १.४४ | १०० | ०.३० | १०० | २०.७५ |
| नीजि स्वास्थ्य संस्था सर्वेक्षण २०८२ को सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य | प्र.श. | १०० | ०.३१ | ०.४७ | १०० | ०.१६ | १०० | ३४.०४ |
| नीजि स्वास्थ्य संस्था सर्वेक्षण २०८२ को मुख्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य | प्र.श. | १०० | ०.२१ | ०.३१ | १०० | ०.३१ | १०० | १००.०० |
| आन्तरिक पर्यटन सर्वेक्षणको तथ्याङ्क संकलन अनुगमन तथा सुपरिवेक्षण | प्र.श. | १०० | ०.४५ | ०.६७ | १०० | ०.६६ | १०० | ९९.११ |
| स्थलगत यातायात सर्वेक्षण २०८२को सूचीकरण कार्यको स्थलगत तथ्याङ्क सङ्कलन तथा सुपरिवेक्षण कार्य | प्र.श. | १०० | ०.२४ | ०.३६ | १०० | ०.३३ | १०० | ९१.८४ |
| स्थलगत यातायात सर्वेक्षण २०८२को स्थलगत मूल तथ्याङ्क | जना | २ | ०.८४ | १.२६ | १ | ०.६६ | १०० | ५२.२३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सङ्कलन कार्यको लागि करार जनशक्ति (2 महिनाको लागि) | | | | | | | | |
| स्थलगत यातायात सर्वेक्षण २०८२को मूल्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य | प्र.श. | १०० | ०.५१ | ०.७६ | १०० | ०.४५ | १०० | ५८.८१ |
| तथ्याङ्क प्रदायक संस्था/व्यक्तिहरुसँग अन्तरक्रिया कार्यक्रम | पटक | २ | ०.३८ | ०.५७ | ० | ०.०० | ० | ०.०० |
| आर्थिक गणनाको लागि गणना क्षेत्र नक्सा सम्बन्धी भेरीफिकेशन तथा सुपरिवेक्षण | प्र.श. | १०० | ०.२४ | ०.३६ | ० | ०.०४ | ० | ११.६४ |
| तथ्याङ्क दिवस मनाउने | पटक | १ | ०.३ | ०.४५ | १ | ०.४५ | १०० | १००.०० |
| वार्षिक प्रगति प्रतिवेदन (विद्धुतीय प्रति) तयारी छलफल | पटक | ४ | ०.३ | ०.४५ | ४ | ०.०८ | १०० | १८.६७ |
| स्थानीय तहहरुमा तथ्याङ्कीय साक्षरता कार्यक्रम | स्थानीय निकाय | ५ | १.८ | २.७ | ४ | २.६१ | ८० | ९६.५१ |
| पालिका प्रोफाइल (विद्धुतीय प्रति) तयारीको लागि तथ्याङ्क संकलन र सुपरिवेक्षण | स्थानीय निकाय | २ | १.२ | १.८ | २ | १.७२ | १०० | ९५.६३ |
| तथ्याङ्क उत्पादन सम्बन्धी विभिन्न कार्यहरु (अन्य) | प्र.श. | १०० | ०.०६ | ०.०९ | १०० | ०.०८ | १०० | ८८.६७ |
| स्थानीय तहमा राष्ट्रिय तथ्यागत विवरण अद्यावधिक कार्यको अनुगमन | स्थानीय निकाय | १६ | ०.४९ | ०.७४ | १६ | ०.६५ | १०० | ८७.६६ |
| अस्थायी वालिको उत्पादन लागत अध्ययनको मूल्य फिल्ड कार्य तथा सुपरिवेक्षण कार्य | प्र.श. | १०० | ०.३ | ०.४५ | ० | ०.०० | ० | ०.०० |
| कार्यक्रमहरुको कुल जम्मा | | | १५.८३ | २३.७२ | | १६.२१ | ९५.४८ | ६८.३३ |

## बजेट उपशिर्षक न पूजिगत तथा समग्र विवरण

| खर्च/वित्तीय संकेत नम्बर / नाम | शुरू बजेट | अन्तिम बजेट | जम्मा खर्च | लक्ष्य | सम्पन्न | वित्तीय प्रगती % | भौतिक प्रगती % |
|---|---|---|---|---|---|---|---|
| १. दुइ पांग्रे सवारी साधन खरिद | ३५००००.०० | ३५००००.०० | ३५००००.०० | १ | १ | १००.०० | १००.०० |
| २. कार्यालय संचालनका लागि | ९२०००.०० | ९२०००.०० | ९१९१८.०० | १००.०० | १००.०० | ९९.९१ | १००.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आवश्यक मेशिनरी खरिद (एसी, कुलर, इन्भर्टर पंखा आदि) | | | | | | | |
| ३. कार्यलयका लागि आवश्यक फर्निचर तथा फिक्चर्स खरिद | ४६०००.०० | ४६०००.०० | ४६०००.०० | १००.०० | १००.०० | १००.०० | १००.०० |
| पूंजिगत जम्मा | ४८८०००.०० | ४८८०००.०० | ४८७९१८.०० | १००.०० | १००.०० | ९९.९८ | १००.०० |
| चालु जम्मा | १४४९७०००.०० | १४७०२१३१.०० | १००८७६१३.७६ | १००.०० | ९२.०० | ६८.६१ | ९२.०० |
| चालु कार्यक्रमको मात्र जम्मा | २३७२०००.०० | २३७२०००.०० | १६२०७५८.०० | १००.०० | ९५.४८ | ६८.३३ | ९५.४८ |
| समग्र (चालु र पुजिगत दुवैको) | १४९८५०००.०० | १५१९०१३१.०० | १०५७५५३१.७६ | १००.०० | ९१.७४ | ६९.६२ | ९१.७४ |

## तालिका न ३.१.२ आ व २०८२/८३ को वित्तिय र भौतिक प्रगति प्रतिशतमा




### ३ .२ बेरुजुको अवस्था

कार्यालय संचालनको सिलसिलामा यस कार्यालयमा हुन गएका विभिन्न बेरुजुहरु समयमै कारबाही चलाई फछ्र्यौट गर्ने गरिएको छ । कार्यालय स्थापना देखिका बेरुजुहरु नियमित गर्नुपर्ने भए नियमित र असुल गर्नु पर्ने असुल उपर गराई लगत कट्टा गराई पञ्जीकरण गर्ने कार्य वार्षिक रुपमा हुदै आएको छ । विभिन्न आर्थिक वर्षहरुमा औंल्याएका बेरुजु शिर्षकहरु उपर यस कार्यालयबाट आवश्यक कारवाही गरि समपरीक्षण भैरहेका छन् । आ.व.२०७९/८० का सम्पूर्ण श्रेस्ताहरुको आन्तरिक लेखा परीक्षण तथा अन्तिम लेखा परिक्षण हुदा कर्मचारीहरुको निवृत्तिभरण कोषमा अनिवार्य दाखिला गर्नुपर्ने रकम सो शिर्षकमा नभएकोले पारिश्रमिक तलबभत्ता शिर्षकबाट जम्मा गरिएकोमा नियमित गर्नुपर्ने बेरुजु रु १३,३२९।० कायम भएको छ, उक्त बेरुजुलाई नियमित गर्ने तर्फ कार्यालय लागिरहेको छ । साथै गत आ.व.२०८२/८३ का सम्पूर्ण श्रेस्ताहरुको आन्तरिक लेखा परीक्षण भइ प्रतिवेदन प्राप्त हुन बाँकी रहेको र अन्तिम लेखा परिक्षण हुन बाँकी रहेको अवस्था छ । समग्रमा यस कार्यालयको नाममा आ.व.२०८२/८३ को रु १३,३२९।० बाहेक अरु बेरुजु हालसम्म छैन ।

## ३.३ अनुगमन तथा सुपरीवेक्षण

यस कार्यालयबाट संचालन गरिने बार्षिक कार्यक्रमका फिल्ड कार्यहरुको अनुगमन तथा सुपरिवेक्षण नियमित रुपमा गरिदै आएको छ । फिल्ड निरीक्षणमा गणक कर्मचारी तथा उत्तरदाता दुवै संग प्रत्यक्ष वा अप्रत्क्ष्य रुपमा सम्पर्क राखि गर्ने गरिएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयबाट संचालन गरिने कार्यक्रमका फिल्डकार्यहरुको पनि निर्देशनानुसार निरीक्षण यस कार्यालयले गर्दै आएको छ र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट कतिपय कार्य सम्पादनको

सिलसिलामा फिल्ड निरीक्षणका लागि आएका निरीक्षकहरुलाई फिल्ड निरीक्षणमा सहयोगीको भूमिका समेत यस कार्यालयले खेल्दै आएको छ ।

राष्ट्रिय तथ्याङ्क कार्यालयबाट विभिन्न कामको सिलसिलामा तथा कार्यालयकै कार्य सम्पादनको अनुगमन एवं निरीक्षणका लागि आ.व. २०८२।८३ मा यस कार्यालयमा आउनुभएका कर्मचारीहरुको विवरण निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका न ३.१.३ प्रमुख कार्यक्रमहरुको वित्तिय र भौतिक प्रगति प्रतिशतमा




## तालिकाः ३.८.१ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट भएको अनुगमन, निरीक्षण

| सि.न | अनुगमन मिति | आगन्तुक | पद | निकाय | सिलसिला |
|---|---|---|---|---|---|
| १ | २०८२/०९/२३ | विनोद शरण आचार्य | निर्देशक | रा.त.का. जनसङ्ख्या शाखा | चालुआ.व.२०८२।०८३का कार्यक्रमको प्रगती सम्बन्धी |
| २ | २०८३/०१/०९ | ध्रुव कुमार कटुवाल | शाखा अधिकृत | रा.त.का. प्रशासन शाखा | आर्थिक गणना २०८२को फिल्ड अनुगमनको सिलसिलामा |
| ३ | २०८३/०१/०९ | रमेश पोखरेल | शाखा अधि | रा.त.का. प्रशासन शाखा | आर्थिक गणना २०८२को फिल्ड अनुगमनको सिलसिलामा |

| सि.न | अनुगमन मिति | आगन्तुक | पद | निकाय | सिलसिला |
|---|---|---|---|---|---|
| | | | कृत | | |
| ४ | २०८३/०२/२२ | ज्योति के.सी. | निर्देशक | रा.त.का. योजना शाखा | कार्यालयको समग्र मूल्याङ्कन तथा अनुगमन मूल्याङ्कन फाराम भर्ने र समग्र कार्यहरुको प्रगति अवस्था लिन |
| ५ | २०८३/०२/२२ | सुनगाभा कायस्थ | क.अधिकृत | रा.त.का. योजना शाखा | कार्यालयको समग्र मूल्याङ्कन तथा अनुगमन मूल्याङ्कन फाराम भर्ने र समग्र कार्यहरुको प्रगति अवस्था लिन |
| ६ | २०८३/०२/२२ | झगगु प्रसाद पाण्डे | ना.सु. | प्रशासन | कार्यालयको समग्र मूल्याङ्कन तथा अनुगमन मूल्याङ्कन फाराम भर्ने र समग्र कार्यहरुको प्रगति अवस्था लिन |
| ७ | २०८३/०२/२२ | बलराम सिंथाली मगर | त. स | रा.त.का. योजना शाखा | कार्यालयको समग्र मूल्याङ्कन तथा अनुगमन मूल्याङ्कन फाराम भर्ने र समग्र कार्यहरुको प्रगति अवस्था लिन |

# खण्ड -४

# कार्यालयको भौतिक अवस्था

## ४.१ कार्यालयको भौतिक पूर्वाधार :

यस तथ्याङ्क कार्यालय ,गोरखा गोरखा नगरपालिका वडा न ८ हरमटारी मा भाडाको घरमा अवस्थित रहेको छ । यस कार्यालयको नाममा कुनै जग्गा तथा घर नरहेको अवस्था छ । कार्यालयमा रहेका दरबन्दी अहिलेको समयमा पदपूर्ति हुन गैरहेको अवस्थामा यस भाडाको घरमा कोठाहरु कर्मचारीलाई अपुग भएका देखिन्छन् र कार्यालयका कामकाज गर्न केहि असजिलो भएको देखिन्छ । । सवारी साधनको हकमा कार्यालयमा २ वटा मोटरसाईकल रहेकोमा १ वटा मोटरसाइकल मात्र चालु अवस्थामा रहेको छ।

## ४.२ कार्यालयको जिन्सी विवरण

यस कार्यालयमा रहेका जम्मा १९२ वटा जिन्सी सामनहरूमध्ये ७१ प्रतिशत जति सामान चालु अवस्थामा रहेका छन् । केहि बिग्रीएका समानहरु मर्मत गरी प्रयोगमा ल्याउनुपर्ने खालका छन भने केहि काम नलाग्ने तथा मर्मत हुन नसक्ने खालका सामाहरू लिलामी गर्नुपर्ने अवस्थामा छन् । यस कार्यालयमा रहेका आ व २०८२/८३को जिन्सी निरिक्षणबाट मौज्दातमा देखिएका सामानहरूको संक्षिप्त विवरण निम्नानुसार तालिकामा दिइएको छ ।

### तालिकाः ४.२.१ कार्यालयको जिन्सी विवरण

| क्र.स. | सामान | जम्मा | चालु | मर्मत /लिलामी गर्नुपर्ने |
|---|---|---|---|---|
| १ | राउटर | २ | २ | ० |
| २ | मोटर साइकल | ३ | २ | १ |
| ३ | डेस्कटप कम्प्युटर | ६ | ५ | १ |
| ४ | प्रिन्टर | ९ | ६ | ३ |
| ५ | ल्यापटप | ११ | ७ | ४ |
| ६ | सोफा | ४ | ४ | ० |
| ७ | टेबल | १७ | ७ | १० |
| ८ | दराज | ४ | १ | ३ |
| ९ | कुर्चि | ३९ | १२ | २७ |
| १० | अफिस टेबल | १ | १ | ० |
| ११ | स्टेण्ड पंखा | ७ | ७ | ० |
| १२ | पानी फिल्टर | २ | ० | २ |

| | | | | |
|---|---|---|---|---|
| १३ | भ्याकुम क्लिनर | २ | १ | १ |
| १४ | नेमप्लेट | २ | २ | ० |
| १५ | टि टेबल | ९ | ९ | ० |
| १६ | इन्भर्टर /ब्याट्री | १ | ० | १ |
| १७ | ईन्भटर | १ | १ | ० |
| १८ | ब्याट्रि | २ | २ | ० |
| १९ | प्रोजेक्टर | २ | १ | १ |
| २० | कम्प्यूटर टेबल | २ | २ | ० |
| २१ | फ्याक्स मेशिन | १ | ० | १ |
| २२ | स्टिल दराज | ११ | ६ | ५ |
| २३ | ट्याब्लेट | १ | ० | १ |
| २४ | बेन्च | ४ | ४ | ० |
| २५ | ग्याँस सिलिण्डर | २ | २ | ० |
| २६ | ग्याँस चुलो | १ | १ | ० |
| २६ | स्टुल | ६ | ५ | १ |
| २७ | भिजिटर चेयर | ५ | ५ | ० |
| २८ | स्टाण्ड | २ | २ | ० |
| २९ | बुकसेल्फ | १ | १ | ० |
| ३० | इलेक्ट्रिक केटली | २ | ० | २ |
| ३१ | सूचनापाटी | १ | १ | ० |
| ३२ | उजुरी पेटीका | १ | १ | ० |
| ३३ | खाट, पलङ्ग ,लोबेट | १० | ४ | ६ |
| ३४ | हिटर | ७ | ७ | ० |
| ३५ | टेबलपखा | ५ | २ | ३ |
| ३६ | हवाइट बोर्ड | १ | १ | ० |
| ३७ | साइन बार्ड | १ | १ | ० |
| ३८ | पावर ब्याकअफ सिष्टम | १ | ० | १ |
| ३९ | आइरन | २ | १ | १ |
| ४० | डिस्प्रेसर इलेक्ट्री | १ | १ | ० |
| ४१ | रयाक | २ | २ | ० |
| ४२ | युपियस | ५ | ० | ५ |
| कुल जम्मा | | १९२ | १३७ | ५५ |

# खण्ड ५
# सूचना तथा प्रविधिको अवस्था

## ५.१ सूचना तथा प्रविधिको अवस्था

आजको युग सुचना प्रविधिको युग भएकोले कार्यालय संचालन तथा कार्यालयका कार्यहरु चुस्तदुरुस्त तरिकाले सम्पन्न गर्न सुचना प्रविधिको अति आवश्यकता रहेको हुन्छ । जसको लागि टेलिफोन , कम्प्युटर , इन्टरनेट सुविधा , फ्याक्स मेशिन तथा तत् सम्बन्धि प्राविधिक ज्ञानको आवश्यकता पर्दछ । यस कार्यालयले तथ्याङ्क संकलन पश्चात संकलित तथ्याङ्कको इलेक्ट्रोनिक कपि(Soft copy) राष्ट्रिय तथ्याङ्क कार्यालयका सम्बन्धित शाखाहरुमा पठाउने व्यवस्था मिलाईएको छ । यस कार्यालयले प्रदान गर्ने सेवालाई सेवाग्राही समक्ष सरल रुपमा पुर्याउन तथ्याङ्क अधिकृत श्री लोक प्रसाद ढुङ्गानालाई सुचना अधिकारीको एव गुनासो सुन्ने अधिकारीको रुपमा जिम्मेवारी तोकिएको छ । कार्यालयले सेवाग्राहीहरुलाई पुस्तकालयमा अध्ययन गर्ने व्यवस्था मिलाउनुका साथै इमेल, फोन मार्फत समेत सेवा प्रदान गरिदै आएको छ ।

## ५.२ सूचना प्रविधिको भौतिक अवस्था

यस कार्यालयमा सूचना तथा प्रविधिसंग सम्बन्धित जिन्सी सामानहरूको विवरण देहाय अनुसारू रहेको छ ।

तालिकाः ५.१.१ सूचना प्रविधि सम्बन्धी भौतिक सामाग्रीको विवरण

| सि.न. | साधन (चालु रहेका मात्र) | संख्या |
|---|---|---|
| १ | डेस्कटप कम्प्युटर सेट | ६ |
| २ | ल्यापटप | ११ |
| ३ | फोन सेट | २ |
| ४ | प्रिन्टर चालु | ६ |
| ५ | इन्टरनेट सेवा | २ |
| ६ | राउटर | २ |
| ७ | सूचना पाटी | १ |
| ८ | उजुरी पेटिका | १ |
| ९ | सम्पर्क | sogorkha98@gmail.com |
| १० | सफ्टवेयरको प्रयोग | Ehajiri deviceWindows 10/11 MS Office 11-19, SPSS, GIS, STATA,CSPro |

# खण्ड ६

# कार्यालयका समस्या, समाधानका उपायहरु र अभ्यासहरू

## ६.१ कार्यालयका मौजुदा समस्या

- ✓ प्रविधिक प्रकृतिको कार्यालय रहेकोले कार्यालयका कर्मचारीहरुलाई प्रशासनिक तालिमको अभावले कार्यालयका प्रशासनिक कार्य गर्न कठिनाई रहेको ।
- ✓ सेवाग्राहीको आवश्यकता र माग अनुसारका खण्डिकृत तथ्याङ्क (वडा स्तरका ) उपलब्ध गराउन नसकिएको ।
- ✓ केन्द्रबाट जिल्ला, प्रदेश, स्थानीय तहमा आवश्यक पर्ने प्रकाशन पर्याप्त रूपमा प्राप्त गर्न नसकिएको ।
- ✓ तथ्याङ्कको महत्व र भूमिका बारे जनमानसमा अनभिज्ञता रहनुले तथ्याङ्क संकलन कार्यमा अफ्ठेरो परेको ।
- ✓ तथ्याङ्क संकलन तथा व्यवस्थापनका लागि आर्थिक स्रोतको अपर्याप्तता ।
- ✓ तथ्याङ्क समन्वय कार्यालय तथ्याङ्क संकलन कार्यमा मात्र सिमित रहेकोले जिल्लामा कार्यालयको पहिचान राम्रो संग गर्न नसकिएको
- ✓ कार्यालय भवन भाडामा रहदाँ कोठाहरूको अपर्याप्तता भै कर्मचारीलाई कार्यालयकोको काममा व्यवस्थापन गर्न अप्ठेरो परेको ।
- ✓ कार्यालयमा रहेका कम्प्युटर संख्या अपर्याप्त भएकाले कार्यालयका कामकाज गर्न कठिनाइ परेको ।
- ✓ अन्य सरकारी निकायहरुले पनि आफु खुशी तथ्याङ्क उत्पादन गर्ने भएकाले सरकारी तथ्याङ्कमै दोहोरोपन देखिएको । अन्य निकायबाट प्रकाशन गरेको तथ्याङ्क राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गर्ने तथ्याङ्क मा ठूलो अन्तर देखिएको र ति निकायका बीच तथ्याङ्क समन्वय कार्यालयले समेत समन्वय गर्न कठिनाई भएको ।
- ✓ तथ्याङ्क सम्बन्धि कम्प्युटर सफ्टवेयर (CSPro , SPSS , GIS,STATA ) को गहिरो ज्ञान सबै कर्मचारीमा नहुनाले कर्मचारीको प्राविधिक व्यक्तित्व विकास हुन नसकी तथ्यांकीय दक्षतामा कमि महशुस गरिएको ।
- ✓ योजना, नीति निर्माण, अनुगमन तथा मुल्याङ्कन जस्ता कार्यहरुमा तथ्याङ्क ले कम प्राथमिकता पाउनु
- ✓ तथ्याङ्क ऐन, नियमहरुका प्रावधानहरुको बारेमा सरोकारवालाहरुमा अनभिज्ञता रहनु
- ✓ विशेष गरी आर्थिक क्षेत्र (उद्योग, व्यापार, आम्दानी खर्च) संग सम्बन्धित तथ्याङ्क मा तथ्याङ्क दाताले सही तथ्याङ्क नदिनु र दिन हिच्किचाउनु
- ✓ तथ्याङ्कीय कार्यको लागि स्थानीय स्तरमा खासै लगानी नहुनु र पर्याप्त बजेटको अभाव रहनु साथै बजेट निर्धारण गर्दा तथ्याङ्क क्षेत्रले न्युन महत्व पाउनु
- ✓ कर्मचारीहरुको कार्यविवरण नहुनु
- ✓ उत्तरदाताहरुमा बढि अपेक्षा तथा नैराश्यता

- ✓ सवारी साधन (गाडी) मर्मत र नवीकरणको लागि पर्याप्त बजेट नहुनु
- ✓ कार्यालयमा पूंजिगत सुधारको लागि अपर्याप्त बजेट हुनु

## ६.२ समस्या समाधानका उपायहरु

- ✓ कार्यालयका कर्मचारीहरुलाई प्रशासनिक तालिमको साथसाथै तथ्याङ्क सम्बन्धि कम्प्युटर तालिम र सेवाकालीन तलिमको व्यवस्था गर्नु पर्छ ।
- ✓ केन्द्रबाटै नीतिगत सहमती गरी स्थानीय तह र तथ्याङ्क समन्वय कार्यालयबीच समन्वयका लागि पहल गर्नु पर्ने । यसबाट दुई निकाय बीचको तथ्याङ्कीय दोहोरोपना हटाउन सकिन्छ ।
- ✓ स्थानिय स्तरमा तथ्याङ्क सम्बन्धि जानकारीका लागि तलिम ,सचेतना गोष्ठी तथा प्रयोग सम्बन्धि कार्यक्रमको विस्तार हुनु पर्दछ
- ✓ राष्ट्रिय तथ्यगत विवरण (NDP) को प्रभावकारी कार्यान्वयनको लागी सामान्य प्रशासन तथा संघीय मामिला मन्त्रालयको समेत समन्वयमा कार्यविधि बनाइ लागु गर्नुपर्ने र NDP लाई स्थानीय तहको कार्यसम्पादन मूल्याङ्कनसंग आबद्ध गर्नुपर्ने । स्थानीय तहमा NDP फोकल ब्यक्ति कार्यविधिद्वारा नै तोकी कार्यान्वयनको लागि केही बजेटको समेत ब्यवस्था गर्नुपर्ने ।
- ✓ स्थानिय स्तरको माग अनुसार तथ्याङ्क उपलब्ध गराउन सो अनुसारको सर्वेक्षण गरिनु पर्दछ ।
- ✓ सम्बन्धित प्रदेश, जिल्ला र स्थानीय तहमा बढी कामलाग्ने खालका प्रकाशनहरू केन्द्रले त.स.का.मा उपलब्ध गराइदिनुपर्ने ।
- ✓ जिल्लामा रहेको तथ्याङ्क समन्वय समितिले सक्रियरुपमा भूमिका खेल्नु पर्दछ सोका लागि उचित व्यवस्थापन गरिनु पर्दछ ।
- ✓ तथ्याङ्क समन्वय कार्यालयको पूंजिगत सुधार गरिनु पर्दछ ।
- ✓ स्थानिय स्तरको तथ्याङ्क जिल्लामै उत्पादन तथा वितरण गर्ने व्यवस्था मिलाईनु पर्दछ ।
- ✓ तथ्याङ्क कार्यालयका कर्मचारीको मनोबल उच्च राख्नका लागि राष्ट्रिय तथ्याङ्कबाट वैदेशिक भ्रमण शैक्षिक तालिम/अध्ययन भ्रमण का लागि हुने मनोनियनमा उच्च प्राथमिकता दिनु पर्दछ ।
- ✓ तथ्याङ्क ऐन २०७९मा भएका व्यवस्थाहरु यथाशिघ्र लागु गर्नु पर्दछ ।
- ✓ क्याम्पस र विद्यालयस्तरीय तथ्याङ्क सम्बन्धी अन्तरक्रयात्मक गोष्ठी लगायतका कार्यक्रम संचालन गर्न सकिन्छ । यसबाट जनगणनाका समयमा चिनिने कार्यालय अन्य समयमा पनि सर्वसाधारणले चिन्ने अवसर प्राप्त हुन्छ र कार्यालयको पहिचान र साख बढ्छ ।
- ✓ तथ्याङ्कीय साक्षरता कार्यक्रमलाई विस्तार गरी तल्लो तहसम्म लैजानु पर्छ ।
- ✓ कर्मचारीहरुको पदअनुसारको कार्य विवरण तयार गर्नुपर्ने

✓ केन्द्रले कार्यान्वयनको काम नगरी नीतिगत, योजना, बजेट, मापदण्ड, केन्द्रीय तथा अन्तर्राष्ट्रिय समन्वय, विज्ञता, प्राविधिक सहयोग जस्ता कार्य गरी मातहतका कार्यालयले कार्यान्वयनको कार्य गर्दा उपयुक्त हुने ।

## ६.३ कार्यालयका अभ्यासहरूः

- ✓ सहभागितात्मक रूपमा कार्ययोजना बनाइ सोही अनुसार कार्यान्वयन गर्ने गरिएको
- ✓ फाँट र शाखाहरू बनाई कर्मचारीहरूको कार्य विभाजन गरिएको
- ✓ कतिपय आवश्यक विषयमा टिप्पणी मार्फत निर्णय गरी कार्यान्वउन गर्ने गरिएको
- ✓ नियमित तथा आवश्यकता अनुसार स्टाफ बैठक बसी छलफल एवं समीक्षा गर्ने गरिएको
- ✓ कार्यालयमा नागरिक बडापत्र, सूचना अधिकारी एवं गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको
- ✓ स्वतः प्रकाशन कार्यलाई नियमित गरिएको
- ✓ नियमित जिन्सी निरीक्षण र प्रतिवेदन गर्ने गरिएको
- ✓ तथ्याङ्क, सूचना तथा सहयोग परामर्शको लागि सम्पर्कमा आउने ब्यक्ति एवं संघसंस्थाको मागलाई तत्काल सम्बोधन गर्ने गरिएको
- ✓ आवश्यक प्राविधिक एवं प्रशासनिक परामर्श एवं सहयोगको लागि केन्द्रका सम्बन्धित शाखासंग समन्वय गर्ने गरिएको
- ✓ फिल्ड कार्यपश्चात फारामहरूको रूजु एवं समीक्षा गर्ने गरिएको
- ✓ मितब्ययीता एवं आन्तरिक नियन्त्रण प्रणालीलाई थप ब्यवस्थित गर्ने प्रयास गरिएको
- ✓ कार्यालयको इमेल र राष्ट्रिय तथ्याङ्क कार्यालयको वेबसाइटलाई अधिकतम प्रयोग गर्ने प्रयास गरिएको
- ✓ नेपाल सरकारका विभिन्न सघीय तथा प्रादेशिक मन्त्रालय जिल्लास्थित विभिन्न कार्यालयहर र राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्राप्त हुने निर्देशन एवं परिपत्रको यथोचित पालना गर्ने गरिएको ।

# कार्यालयका कार्यक्रमहरु सँग सम्बन्धित तस्विरहरु

## १.तथ्याङ्क दिवस,२०८२ सम्बन्धि कार्यक्रम गोरखा






## २ .तथ्याङ्कीय साक्षरता कार्यक्रम शहिदलखन गाउँपालिका ,गोरखा



# ३.तथ्याङ्कीय साक्षरता कार्यक्रम राइनास नगरपालिका , लमजुङ



# ४.तथ्याङ्कीय साक्षरता कार्यक्रम नासों गाँउपालिका ,मनाङ



# तथ्याङ्क समन्वय कार्यालय गोरखाको कार्यक्षेत्र





